# “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि

# २०७४

**नगर सभाबाट स्वीकृत मिति : २०७४/१२/२१**

# दुल्लू नगरपालिका

# दुल्लू, दैलेख

## "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी दुल्लू नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

### (१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

### (२) नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि दुल्लू नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-५ वमोजिमको मापदण्ड र योग्यता भए/नभएको सम्वन्धमा निम्नानुसारको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

<u>जाँचबुझ समिति</u>

| | |
|---|---|
| १. पूर्वाधार विकास शाखाका प्रमुख (डि.ई./डि.ई. नभएमा सिभिल इन्जिनीयर) | -संयोजक |
| २. लेखा अधिकृत | -सदस्य |
| ३. प्रशासन हेर्ने शाखा अधिकृत | -सदस्य |

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म /कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम नगरपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

### (३) इजाजतपत्रको अवधि र नवीकरण :

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित यस नगरपालिकाबाट अनुसूची-२ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु

पर्नेछ । इजाजत पत्र नविकरण गर्न  नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न नगरपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

## ४) इजाजतपत्रको खारेजी :

(१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठाविवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

## ५) इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

## ६) प्रचलित कानून बमोजिम हुने :

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## ७) बचाउः

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

अनुसूची-१

कार्यविधिको दफा २ को उपदफा (१) सँग सम्बन्धित

# ईजाजतपत्रको लागि दिईने दरखास्त

दरखास्तवालाको फोटो

विषयः ईजाजतपत्र पाउँ भन्ने बारे ।

श्री दुल्लू नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, दुल्लू दैलेख ।

यस दुल्लू नगर कार्यपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीकोः
नाम :-
ठेगाना :-
पोष्ट बक्स नं. :-
टेलिफोन नं. :- मोबाईल नं. :- फ्याक्स नं. :- ईमेल :-

२. फर्म वा कम्पनीको प्रकृति

प्राइभेट लिमिटेड कम्पनी पब्लिक लिमिटेड कम्पनी

एकलौटी साझेदारी
(कोष्ठमा रेजा लगाउनुपर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको
नाम, थर :-
ठेगाना :-
पोष्ट बक्स नं. :-
टेलिफोन नं. :- मोबाईल नं. :- फ्याक्स नं. :- ईमेल :-

४. फर्म वा कम्पनीको विवरण

दर्ता नं. :- दर्ता मिति :-
अधिकृत पूँजी जारी पूँजी

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

५. इजाजतपत्र लिन चाहेको समुह :- घ वर्ग

६. समूहीकरण हुन चाहेको समुह :-

७. आर्थिक श्रोतको विवरण

| विवरण | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| जम्मा | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण :-
क) प्राविधिक :-
ख) अप्राविधिक :-
ग) अन्य :-
प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नुपर्ने छ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन र मेशिनरी औजरको विवरण :-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मुल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त औजारहरु चालू हालतमा रहेको छ भनी मेकानीकल ईन्जिनीयरद्वारा प्रमाणित भएको हुनुपर्नेछ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था ( प्रगती प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :-
क.
ख.
ग.
घ.
यस दरखास्त फारममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ। झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाँउला।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको
नाम :-
फर्मको नाम :-
दस्तखत :-
मिति :-

*द्रष्टव्य : यस दरखास्त फारमसाथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ। कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नुपर्नेछ।*

अनुसूची २

कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित

**दस्तुरको विवरण**

| **क.सं.** | **निर्माण व्यवसायीको वर्ग** | **ईजाजतपत्र दस्तुर** | **ईजाजतपत्र नवीकरण दस्तुर** | **ईजाजत पत्र नविकरण थप दस्तुर (चालू आ.व.को कार्तिक १ गते देखी चैत्र मसान्त सम्म)** | **ईजाजत पत्र नविकरण थप दस्तुर (चालू आ.व.को बैसाख १ गते देखी असार मसान्त सम्म)** | **ईजाजतपत्रको प्रतिलिपि दस्तुर** |
|---|---|---|---|---|---|---|
| १ | घ | रु १००००।०० | रु २०००।०० | रु. २०००।०० | ४०००।०० | रु ५००।०० |

द्रष्टव्यः घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिमको दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र इजाजतपत्र नविकरण गराउदा ईजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर मात्र तिर्नुपर्नेछ ।

अनुसूची - ३
कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित

# इजाजतपत्र

इजाजतपत्र नं. मिति :-

दुल्लू नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दुल्लू, दैलेख

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि २०७४ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यावसाय गर्न ..............स्थित कार्यालय भएको ..............................फर्म वा कम्पनीलाई इजाजत पत्र प्रदान गरिएको छ।

घ

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने

इजाजत पत्र दिनेको :-

दस्तखत :-

नाम :-

पद :-

मिति :-

कार्यालय : -

नविकरण :

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण वहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत र कार्यालयको छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची - ४

**निर्माण व्यवसायीवाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासवुक)**

| **क्र.स.** | **आयोजनाको नाम** | **सार्वजनिक निकायको विवरण** | **संयुक्त उपक्रमको नाम (यदि भएमा)** | **शेयर %** | **ठेक्का विवरण** | **सार्वजनिक निकायको तर्फवाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण** | **समयावधि थप विवरण (यदि भएमा)** | **Variation को विवरण (यदि भएमा)** | **प्रगति विवरण** | **ठेक्का सम्पन्न विवरण** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम : | क) थप समय : | क) Variation पछिको Contract Amount | क) सम्पन्न रकम | क) अन्तिम ठेक्का रकम | |
| | | | | | ख) सम्झौता मिति : | ख) पद : | क) नाम | क) Variation को निर्णय गर्ने पदाधिकारीको नाम : | ख) सम्पन्न मिति : | ख) सम्पन्न मिति : | |
| | | | | | ग) ठेक्का अवधि : | ग) हस्ताक्षर : | ख) पद : | ख) पद : | ग) सम्पन्न % | | |
| | | | | | | घ) छाप | ग) हस्ताक्षर | ग) हस्ताक्षर | घ) नाम | घ) नाम | |
| | | | | | | | घ) निर्णय मिति | घ) छाप | पद : | पद : | |
| | | | | | | | ङ) छाप | | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | | | छाप | छाप | |

अनुसुची-५

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको वा घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय र आन्तरिक राजश्व कार्यालय मा दर्ता भएको हुनुपर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

२ (क). नयाँ दर्ताको लागिः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, कम्पनी रजिष्ट्रारको कार्यालय वा घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयमा फर्म दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपि, राजश्व कार्यालयमा फर्म दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपि, फर्म चलाउने स्थानको जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको सिफारिस र रु १००००/- तिरेको रसिद पेश गर्नुपर्नेछ ।

२ (ख) नविकरणको लागिः सक्कल इजाजत पत्र, आन्तरिक राजश्व कार्यालयमा कर चुक्ता गरेको प्रमाणपत्र, नविकरण दस्तुर तिरेको रसिद र गत आ.व.मा गरेका कामको विवरण पेश गर्नुपर्नेछ ।

३. मेशीन र उपकरण :
(क) ट्रिपर/टयाक्टर (एक थान)
(ख) मिक्सर (एक थान)
(ग) Theodolite/Level Machine (एक सेट)
(घ) वाटर पम्प (दुई थान)
(ङ) भाइब्रेटर (दुई थान)

**द्रष्टव्य :**

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।
४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।